Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

राष्ट्रिय दैनिक




■ बर्ष-१७, ▶▶ अंक १६ असोज २ गते शनिबार,२०७८, September–18 Saturday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# राष्ट्रिय जनगणना सुरु



❖ मुलुकी संवाददाता

*उदयपुर, असोज १*

कोविडका कारण झण्डै साढे ४ महिनादेखि रोकिएको 'राष्ट्रिय जनगणना २०७८' बुधबारदेखि सुचारु भएको छ । कोभिडका कारण गत वैशाख २१ गतेदेखि लागू निशेधाज्ञा सुरु भएसँगै रोकिन पुगेको कार्यक्रम मन्त्रिपरिषदको भदौ २१ को निर्णय अनुसार ३० गतेदेखि सुचारु भएको हो ।

जिल्ला तथ्यांक शाखा अधिकृत तथा जनगणना अधिकारी शिवनारायण महतोले भदौ ३० देखि सुचारु भएको गनगणना आउँदो मंसिरभित्र सम्पन्न गरिसक्ने गरी जिल्लाभरी कर्मचारी खटाएर सुचारु गरिएको बताए । 'मेरो गणना, मेरो सहभागिता' भन्ने नाराका साथ सुचारु जनगणना कार्यका लागि यसअघि नै नियुक्त भईसकेका १ सय ७ जना सुरपरीवेक्षकलाई फिल्डमा खटाईएको महतोले बताए । उनीहरुलाई यही भदौ २७ र २८ गते दुईदिन पुनर्ताजगी तालिम दिएर २९ गते आवश्यक सामग्री हस्तातरण गरी फिल्डमा खटाइएको महतोले बताए ।

जिल्लाका त्रियुगा, कटारी, चौदण्डीगढी र बेलका नगरपालिकाका लागि गाईघाट, मुर्कुची र बेल्टारमा स्थानीय जनगणना कार्यालय स्थापना गरिएको छ । फिल्ड खटाइएका सुपरीवेक्षकहरुले पहिलो चरणमा ०७८ भदौ ३० देखि असोज १८ गतेसम्म २० दिनभित्र जिल्लाका प्रत्येक घर गएर २० वटा प्रश्नावलीमा घर तथा घरपरिवार सूचीकरण फाराम भर्नुपर्ने छ। त्यस्तै दोस्रो चरणमा गणक नियुक्त गरी ०७८ कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म १५ दिनको अवधिमा ८० वटा प्रश्नावलीका आधारमा मुख्य गणना कार्य सम्पन्न गर्नुपर्ने विधि तय भएको छ ।

मूख्य गणनाको समयमा सुपरीवेक्षकले वडा कार्यालय गएर सामुदायिक प्रश्नावली भर्नुपर्नेछ भने प्रत्येक वडा कार्यालय गएर वडाले नागरिकलाई दिएको सेवासुविधा, भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार, वातावरणीय अवस्था र विपद्सम्बन्धी विवरणसहितको सामुदायिक प्रश्नावलीमार्फत तथ्य संकलन गर्नुपर्ने छ । राष्ट्रिय जनगणना २०७८ लाई समन्वय गर्दै प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला जनगणना समिति र जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा जिल्ला जनगणना सहजिकरण समिति गठन गरिएको छ ।

त्यसैगरी स्थानीयतहमा मेयर तथा अध्यक्ष नेतृत्वमा स्थानीय जनगणना समन्वय समिति र वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय जनगणना सहजिकरण समिति बनाइएको छ । समितिहरुसँग समन्वय गरेर सुपरीवेक्षक तथा गणकहरुले फिल्डमा प्रभावकारी कार्य गर्नुपर्ने नीति बनाइएको महतोले बताए ।

महतोका अनुसार त्रियुगा ननगरपालिकामा ३० जना सुपरीवेक्षक खटाइएका छन् भने बेलकामा १४, चौदण्डीगढीमा १७ र कटारीमा१९ जनालाई परिचालन गरिएको छ । त्यस्तै ताप्ली गाउँपालिकामा ५, रौतामाईमा ७, उदयपुरगढीमा १० र लिम्चुङबुङगामा ४ जना खटाइएको छ। विशेष स्थानको रुपमा उदयपुर, सुनसरी र सप्तरीको सीमामा पर्ने कोसी टप्पुमा १ जना छुट्टै सुपरीवेक्षक खटाइएको महतोले बताए।

» jfFsL # k]hdf

# मुख्यमन्त्री आचार्यले विश्वासको मत नलिए अविश्वास प्रस्ताव ल्याइने

❖ मुलुकी संवाददाता

*बिराटनगर, असोज १*

प्रदेश नं १ का मुख्यमन्त्री भीमप्रसाद आचार्यले हप्तादिनभित्र विश्वासको मत जाहेर गरिसक्नु पर्ने विपक्षी दलहरुले बताएका छन् । विपक्षी दलहरुले असोज ८ सम्ममा आचार्यले विश्वासको मत नलिए अविश्वासको प्रस्ताव अघि बढाउने योजना रहेको छ । असोज ८ सम्मलाई अल्टिमेटम दिँदै विपक्षी दलहरुले भनेका छन, तोकेको समयमै विश्वासको मत नलिए प्रदेशसभामा मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव लैजान्छौं ।



मुख्यमन्त्री आचार्यले असोज ८ गतेभित्र विश्वासको मत नलिए अविश्वास प्रस्ताव ल्याएर वर्तमान सरकारलाई विस्थापित गर्ने निष्कर्षमा गठबन्धनमा आवद्ध दल पुगेको नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्र आङ्बोले बताए। 'प्रदेश सरकारले असोज २३ गते विश्वासको मत लिने तयारि गरिरहेको चर्चापछि विपक्षी गठबन्धनको बैठक बसेको छ,' आङबोले भने, 'संविधान विपरीत सरकार चल्न नहुने गठबन्धनभित्रका दलको निष्कर्ष छ।'

» jfFsL $ k]hdf









Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय...

# लागूऔषध नियन्त्रणमा लागौं

पछिल्लो समय उदयपुरमा कुनै कुराको चर्चा छ भने त्यो हो लागूऔषध । जिल्लाको सहरी क्षत्रमा दैनिकजसो २० वर्ष पेरिफेरिका युवाहरु लागू औषधको दुर्व्यसनमा फसी प्रयोग, ओसारपसार, बिक्री बितरणमा लागेको आरोपमा पक्राउ पर्ने गरेका छन् । देशका भविष्य युवाहरु जो १८(२० वर्षका लक्का जवान छन् दैनिक पक्राउ पर्नु र प्रहरी हिरासतमा बस्नुपर्दा जोकोहीलाई मन नपर्न सक्छ । हुन त नेपाली समाजले आधारभूत कानुनबारे पनि जानकारी राखेको पाइन्न । कानुनी कुराबारे जानकारी भएको भए यति बिघ्न समस्या हुने थिएन भन्ने अनुमान गर्न सकिन्छ ।

कतिपय युवाहरुलाई लागू पदार्थ प्रयोग, ओसारपसार तथा बिक्री गर्दा के कस्तो जरिबाना हुन्छ, सजाय पाइन्छ भनेर जानकारी नभएर पनि यसो भएको हुनसक्छ । कतिपय युवाहरु भने जानीजानी यस्तो काममा फसेको पाइन्छ । पटक(पटक पक्राउ परी कठघरार र जेल सजायको कारबाही भोगे पनि उही काम गर्न नछाड्नुले यो कुरा प्रष्ट पार्छ । उदयपुर अझ सदरमुकाम गाईघाटका कतिपय आर्थिक अबस्था सबल र सुखसयलमा हुर्के बढेका घर परिवारका छोराछोरीहरु लागूऔषध दुर्व्यसन मुद्धामा जेल जीवन बिताईरहेका छन । यसले के सन्देश दिन्छ भने आर्थिक अबस्था सबल भएर मात्र हुन्न रहेछ, नैतिकता, सामाजिक शिक्षा, बौद्धिक क्षमताको विकास गर्ने संस्कार सिकाउन जरुरी छ भन्ने देखाउँछ ।

समाजमा धनी र सुखीसम्पन्न परिबारका अधिकांश युवायुवतिहरु लागू पदार्थ दुर्व्यसनमा फसेर जेल जीवन बिताईरहनु पर्दा उनीहरुका अभिभावक, आफन्त, छरछिमेकमा शोक, चिन्ता, निराशा र आबेग देखिन्छ । निश्चय नै उनीहरुले नैतिक शिक्षा पाएको भए, सामाजिक वातावरण राम्रो भएको भए, आर्थिक तथा बौद्धिक वातावरण पाएको भए यो अबस्था आउने थिएन । परिबार या गाउँ, समाज, जिल्ला र राष्टूकै युवायुबति यसरी कुलतमा लागेर भविष्य बिगारिरहेको अवस्थाले कसैलाई खुशी बनाउँदैन । लागूऔषध नियन्त्रण कार्य निकै कठिन हो भन्ने कुरा यसअघि भए गरेका क्रियाकलाप र त्यसले दिएको नगन्य नतिजाले प्रष्ट पार्छ । वर्षेनी लागूऔषध नियन्त्रण र रोकथामका लागि प्रहरीले पहल गरेको देखिन्छ । दैनिकजसो दुर्व्यसनमा फसेकाहरु, बिक्री बितरण र कारोबारमा संलग्नहरु पक्राउ पर्ने गरेका छन् । थुनामा राखिएका छन्, मुद्धा चलाइएको छ दण्ड जरिवाना र जेल सजाय दिलाइएको छ तर, पनि घट्नामा न्यूनिकरण होईन बरु बढोत्तरी हुदै गएको पाइनुले नियन्त्रणको प्रयास निरर्थक सावित हुँदै आएको बुझ्न गाह्रो छैन ।

हालसम्म यो जिल्लामा लागूऔषध न्यूनिकरण र नियन्त्रणका लागि ककसले के के गरे त ? संघीय साँसद, प्रदेश साँसद, स्थानीयतहतहका जनप्रतिनिधि, सामाजिक अगुवा, पत्रकार, नागरिक समाज, बौद्धि बर्ग, शिक्षक, कर्मचारी सबै मिलेर लागूऔषध नियन्त्रण र रोकथामका लागि काम भए त ? यो विषयमा कसको के भूमिका रह्यो भन्ने विषय समीक्षा गर्ने बेला भयो अव, खोजीनीति गरौं । साच्चै भन्ने हो भने एकपटक आफैलाई सोध्नुस् त, लागूऔषध नियन्त्रणका लागि तपाँईले यो समाज, जिल्ला र देशका युवाहरुका लागि के योगदान गर्नु भयो र अव के गर्ने योजनामा हुनुहुन्छ ? अव हामी सबै मिलेर लागूऔषध नियन्त्रण गर्नुछ, सकेसम्म निमिट्यान्न र नसके कमी ल्याउनु पर्छ ।

त्यसका लीगहामी उदयपुरबासीले योगदान गरेर युवाहरुलाई लागूऔषधको लतबाट छुटाउनु सामुहिक जिम्मेआरी र कर्तव्य हो । र, उदयपुरलाई लागूऔषध दुर्व्यसनबाट मुक्त गर्न यहाँका स्थानीय सरकार, जनप्रतिनिधी, प्रशासन, प्रहरी, बुद्धिजीबि, समाजसेवी, नागरिक समाज, मानव अधिकारकर्मी, साँसदहरुले समयमै सचेत भएर काम गर्न जरुरी छ, त्यसमा लागिहालौं । यसमा सचेत र बौद्धिक बर्गले साथ दिनुपर्छ । सबै पक्ष र सरोकारवाला मिलेर आव्हान गरौँ, आव्हान मात्र होईन, लागी परौँ, समाजबाट लागूपदार्थको दुर्ब्यसन युवाहरुलाई मुक्त बनाऔँ, त्यसको सामुहिक जिम्मेवारी आजै लिऔँ !

# सामुहिक हत्याको कारक डिप्रेसन

>> कमल रिजाल

**पैसा पनि नलाग्ने, साइट इफेक्ट पनि नगर्ने र चिकित्सककहा F धाइरहनु पनि नपर्ने, आफैले युट्युवबाट डाउनलोड गर्न सकिने भएकाले यसको लोकप्रियता बढेको हो...**

पछिल्ला वर्षहरूमा बालहत्या र सामूहिक हत्याका घटना बढ्दै गएका छन् । यस्ता घटनामा बढी आफन्तकै हात रहने गरेको छ। हालै सङ्खुवासभा जिल्लाको मादी नगरपालिका १, उम्लिङ खोलामा यस्तै घटना भयो, जहाँ एकै परिवारको छ जनाको हत्या भयो। करीव डेढ वर्षअघि पाँचथर जिल्लामा पनि यस्तै सामुहिक हत्याको घटना भएको थियो । जिल्लाको मिक्लाजुङ आरुबोटे गाउँमा भएको उक्त घटनाको मुख्य दोषी मानबहादुर माखिम देखिएका छन् । उनी पनि आफन्तभित्रकै परिवारको सामूहिक हत्या प्रकरणमा संलग्न रहेका थिए ।

सुरक्षा स्रोतका अनुसार विगत चार वर्षयता २५ वटा यस्ता सामूहिक हत्याका घटना दर्ता भएका छन्, जहाँ बालबालिकादेखि ज्येष्ठ नागरिकसमेत गरी ६८ जनाले ज्यान गुमाएका थिए। खासगरी यस्ता घटनामा डिप्रेसन ( मानसिक असन्तुलन) का बिरामीहरूको संलग्नता बढी रहेको पाइएको छ। सुरक्षा अधिकारीहरू भन्छन्– 'प्राय: सामूहिक घटनाका दोषी कि डिप्रेशनको औषधी सेवन गरिरहेका देखिन्छन् कि औषधी सेवन गरी छाडेका व्यक्तिहरू पर्छन् । अप्रेशनपछि सामाजिक विभेद र पारिवारिक दुर्व्यवहार अर्को कारण हो। यसले पनि समस्या थप्ने काम गरेको छ । जब व्यक्ति सामाजिक विभेदको शिकार बन्छ, तब थप उत्तेजित हुन्छ र प्रतिशोध साँध्न सामूहिक हत्यासम्म पुग्ने गरेका हुन्छन् ।'

यस्ता घटना जघन्य अपराध हुन् भन्ने हत्याराहरूलाई थाहा नभएको होइन । जस्तोसुकै गोप्य ढङ्गले गरिएको भए पनि एक दिन पत्ता लाग्छ र दण्डित हुनुपर्छ भन्ने पनि थाहा पाएकै हुन्छन् । तैपनि मानिसले क्षणिक आवेगलाई थाम्न नसक्दा आपराधिक घटना हुन पुग्छन् । मनोवैज्ञानिकहरू भन्छन्– 'मानिसको मनको गति नै यति बढी भयानक हुन्छ कि कतिबेला के सोच्न पुग्छ भन्नै सकिन्न । प्रत्येक दिन बिहान उठेदेखि बेलुका सुत्ने बेलासम्म मनमा आएका वा उठेका विचारहरूलाई टिपोट गर्दै जाने हो भने ऊ आफैं दङ्ग पर्नुपर्ने अवस्था आउन सक्छ ।'

मनमा आउने विचारहरूमा कति सकारात्मक हुन्छन्, कति नकारात्मक । जतिबेला यिनै नकारात्मक विचार वा कुण्ठा एकैसाथ बिस्फोट हुन्छ वा प्रकट हुन पुग्छ, तब हुने भनेको यस्तैखाले घटना नै हुन् । सुरक्षा निकायहरूका अनुसार सामुहिक हत्या जस्ता घटनाका विभिन्न कारण हुन सक्छन् । तिनमा विशेषगरी अभाव, गरिवी, डिप्रेसन, आर्थिक विचलन, अवैध यौन, असफल प्रेम, लागूऔषध सेवन आदि बढी रहेका छन् ।

हाल कोरोना महामारी र वैदेशिक रोजगारी पनि थप कारण बन्न पुगेका छन् । कोरोनाले कैयौं ठूला ठूला व्यापारी र उद्योगपतिका समेत जीवनचक्र चरमराउन पुगेका छन् । वैदेशिक रोजगारीको अवस्था त्यस्तै छ । यसैका कारण कतिको पारिवारिक बिछोड भएको छ। कतिको लास आएको छ कतिको अस्तु । कति विदेशी अस्पतालमै मृत्युसँग जुधिरहेका छन् कतिको फर्कदा धनसम्पत्ति र श्रीमान्, श्रीमतीसमेत गुमेको अवस्था छ । तथापि मुख्य कारण डिप्रेसन नै रहेका छन्। अन्य कारण सतहमा देखिने मात्र हुन् बुझ्दै जाँदा कतैनकतै डिप्रेशनकै भूमिका भेटिने गर्छन् ।

उल्लिखित सङ्खुवासभा र पाँचथर जिल्लामा भएको घटनामा पनि यस्तै हो, जहाँका दोषीले डिप्रेशनको औषधी खाने गरेको पाएको छ। जब मानिस डिप्रेशनको तह बढ्दै गएर चरम अवस्थामा पुग्छ तब कि आफैं समाप्त हुन्छ कि अरूलाई समाप्त गर्नेतर्फ लाग्छ। यस्ता मानिसले सुरूमा सामूहिक हत्या गर्ने योजना बनाएका हुँदैनन् । जुन व्यक्तिप्रति बढी रिस वा कुण्ठा हुन्छ वा छ, उसैलाई समाप्त गर्ने विचार हुन्छ । तर, घटनालाई कसैले देखेको छ वा उसलाई देखेको छ भन्ने लागेको हुन्छ, तब सबैलाई एकएक गरी समाप्त पार्ने मन बनाउँछ र सामूहिक हत्याको विभत्स तस्वीर खडा हुन पुग्छ ।

विशेषज्ञहरूका अनुसार डिप्रेशन आफैंमा रोग नभई समस्या हो । समस्या पनि खासै त्यति ठूलो होइन । समयमै नियमित औषधी सेवन गरे ठीक हुन्छ । तर, खाँदै छाड्दै गर्ने हो भने औषधीले पनि काम गर्दैन र समस्या बिकराल बन्न पुग्छ ।

यस्तो अवस्थामा मसल थेरापीलाई भरपर्दो विकल्प मानिएको छ । यो भनेको 'प्रोग्रेशिव मसल रिल्याक्सेसन' अभ्यास हो । यस अभ्यासलाई नियमित गराउन मात्र सकिए पनि डिप्रेशन नियन्त्रणमा धेरै सहयोग पुग्ने देखिन्छ ।

उदाहरणका लागि पंक्तिकार आफैंले भोगेको घटना प्रस्तुत गर्न चाहन्छु । करीब चार वर्षअघि पंक्तिकारलाई मस्तिष्कघात (ब्रेन स्टोक) भएको थियो । त्यसैको कारण पछि गएर एनजाइटीको समस्या देखियो । दुई वर्षजति नियमित औषधी खाएपछि ठीक भयो र चिकित्सककै सल्लाह अनुसार औषधी खान छाडिएको थियो । तर, केही महिनापछि समस्या यति बढी भयावह भएर दोहोरियो कि औषधीले छुनै सकेन । अन्त्यमा यही 'प्रोग्रेशिव मसल रिल्याक्सेसन' अभ्यासले ठीक गर्‍यो, जुन १५ दिनको कक्षा थियो ।

हाल युट्युव च्यानलहरूमा यससम्बन्धी थुप्रै अभ्यास सक्रिय रहेका छन् । तिनमा 'ज्याकवसन्स प्रोग्रेसिभ मसल रिल्याक्सेसन्स' बढी प्रचलित देखिन्छन् । यसले मांसपेशीलाई सन्तुलित राखी मन र मष्तिष्कलाई शान्त र आराम राख्न सहयोग पुर्‍याउँछ । सय वर्षभन्दा अघिदेखि टेन्सन, डिप्रेशन, एनजाइटी आदि समस्यामा यसैको प्रयोग हुँदै आएको छ ।

पैसा पनि नलाग्ने, साइट इफेक्ट पनि नगर्ने र चिकित्सककहाँ धाइरहनु पनि नपर्ने, आफैंले युट्युवबाट डाउनलोड गर्न सकिने भएकाले यसको लोकप्रियता बढेको हो ।

हालका दिनहरूमा नेपाली भाषामै पनि यस्ता अभ्यासहरू भेटिन थालेका छन् । पंक्तिकारको आफ्नै नाममा समेत यस्तै एउटा च्यानल क्रियाशील छ ।

सयौं वर्ष पूर्व पत्ता लागेको यस प्रविधिलाई हजारौं वर्ष अघि हाम्रा ऋषिमुनिहरूले पत्ता लगाएका प्रविधिलाई समेत समावेश गरी यो अभ्यास बनाइएको छ । औषधी एउटा पाटो हो, उसको साइट इफेक्ट पनि हुन्छ । आर्थिक पाटोको कुरो पनि आउँछ । फेरि अलिकति तलमाथि पर्ने बित्तिकै असाध्य बन्नसमेत बेर लगाउनन् तर यसमा कुनै समस्या छैन । न औषधी, न चिकित्सक, न आर्थिक समस्या । घरमै बसेर बिना पैसा उपयुक्त समयमा गर्न सकिन्छ । १५ दिनसम्म नियमित दिनको दुई पटक भने गर्नुपर्ने हुन्छ ।

यसलाई अभियानकै रूपमा मुलुकका सबै अस्पताल, कारागार, बाल सुधार लगायत शैक्षिक संस्थाहरूमा अनिवार्य गराउनु अत्यावश्यक हुन पुगेको छ । समस्या आइसकेपछि समाधान खोज्नुभन्दा पक्कै समस्या नै न आउने बाटो खोजी गर्नु राम्रो हो । त्यसैले सरकारी अङ्गहरू शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, गृहमन्त्रालय आदिले यसलाई गम्भीरतापूर्वक सोच्नुपर्ने देखिन्छ ।

*(साभार: रातोपाटी)*







| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-मीँचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |

| | |
|---|---|
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११०३९.७ |
| गाईघाट -पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



t:jL/Mad.Lnf/fO(

# आजको नजर...





**सुन्दर प्रकृति** | **उज्यालो मौसम, पहाडको माथि–माथि बादल घुमिरहेको देख्न सकिन्छ। सुन्दर र रमाईलो दृष्य देख्दा सबैको मन प्रसन्न र उमंगले भरिपूर्ण हुन्छ नै।** ***तस्वीरः मुलुकी***

# राष्ट्रिय...

जनगणनाका लागि गणकहरुको छनौट भने २०७८ असोज १० गतेसम्ममा केन्द्रीय तथ्यांक विभागले लघुसूची (सर्टलिस्ट) प्रकाशन गरेपछि मात्र हुने छ। सर्टलिस्टमा परेका गणकहरुलाई कात्तिक ११ गतेसम्ममा नियुक्ति दिनेछ भने कात्तिक १३ देखि १६ गतेसम्म ४ दिन गणकलाई तालिम दिइनेछ। दोस्रो चरणको तथ्यांक लिने क्रममा कात्तिक २५ देखि मंसिर ९ गतेसम्म १५ दिन जिल्लाका प्रत्येक घर पुगेर गणकहरुले मुख्य गणना कार्य सम्पन्न गर्नुपर्नेछ।

गणनाको पहिलो चरणअन्तर्गत घर तथा घर परिवारको सूचीकरण कार्य भदौ ३० देखि असोज १८ गतेसम्म घरदैलो पुगेर तथ्यांक संकलन गर्न आउने सुसरिवेक्षक कर्मचारीलाई आआफ्नो सहीसत्य बिवरण उपलब्ध गराइदिन कार्यालयले अनुरोध गरेको छ। मुख्य रुपमा व्यक्तिको अक्सर बसोबास ठाउँलाई आधार मानेर (मोडिफईड डे(जुररे) विधिबाट नेपालमा जनगणना कार्य सञ्चालन गर्ने गरिएको छ। यो विधिबाट कुनै निश्चित समयमा देशभर वा कुनै निश्चित सीमानाभित्र बसोबास गर्ने सबै मानिसको जनसांख्यियक, सामाजिक र आर्थिक विवरण संकलन गरी उक्त विवरण प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसारण गर्ने समष्टिगत प्रक्रिया अपनाएर यथार्थ बिबरण निकाल्ने निश्कर्ष सरकारको छ।

जनगणनाले तल्लो प्रशासनिक तहसम्मकै जनसंख्याको आकार, प्रकार तथा संरचनाको वस्तुस्थिति थाहा पाउन सकिने भएकाले यस्ता तथ्यांक संकलन गर्दा यथार्थ, वस्तुपरक र तथ्यमा आधारित हुनुपर्ने मानयता छ। यसको आधारमा राज्यले मुलुक र जनताका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तय गर्न सहज हुने र बनाइएका कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्न प्रभावकारी बनाउन सकिने मान्यता छ।

समग्रमा देशभित्र बसोबास गर्ने विभिन्न जाति, धर्म, भाषा, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहको जनसंख्या कति छ र कुन अवस्थामा छ भन्ने आँकडासहितको जनसांख्यिक, सामाजिक, आर्थिक तथा लैङ्गिक अवस्थाबारे जानकारी पाउन तल्लो प्रशासनिक तहसम्मकै तथ्यांक उपलब्ध गराउनु जनगणनाको प्रमुख उद्देश्य हो। सरकारले अघि सारेको 'सम्बृद्ध नेपाल, सुखी नेपाली'को नारा सार्थक बनाउन नयाँ संविधान अनुसार पुनर्संरचना भएका स्थानीयतका वडातहसम्म विकास नीति, योजना तथा कार्यक्रम निर्धारण गर्न, जनसंख्या र विकाससम्बन्धी सम्पूर्ण सूचकांकहरुको विश्लेषण गर्न, क्षेत्रीय विकासका लागि रणनीति तय गर्न तथा दिगो विकास लक्ष्य चुम्दै अनुगमन गर्नसमेत राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले सहयोग गर्ने अपेक्षा सरकारले गरेको छ।

हरेक १० वर्षमा हुने जनगणनाको महाअभियानलाई उत्सवको रुपमा लिएर सफल बनाउन पनि गणना कार्यालयले आम जिल्लाबासीलाई आग्रह गरेको छ।










यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलबध गराईन्छ।










Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.






कला, मनोरञ्जन, साहित्य र संगीतलाई संरक्षण गर्न

## कला/मनोरञ्जन

# हट नायिका नोरा सडकमा

**मनोरञ्जन ब्यूरो**

बलिउड नायिका तथा मोडल नोरा फतेही आफ्नो आकर्षक नृत्यका कारण मात्र नभएर हट अवतारका कारण पनि चर्चामा आउँछिन् । आफ्नो आकर्षक फिगर शो गर्दै नोराले गसिप बजारमा तरंग ल्याएकी हुन्छिन् । दैनिक जीम धाउने नोरा फिटनेशनको मामालामा पनि अब्बल छिन् ।

उनै, नारा हालै मात्र मुम्बइको सडकमा हट अवतारमा देखिएकी छिन् । सेतो रंगको पहिरनमा मुम्बई सडकमा क्यामेराको अगाडि क्लिक भएकी नोराको बोल्ड अवतारले सामाजिक संजालमा हंगामा नै मच्चाएको छ ।



नोराको नयाँ गेटअपलाई उनका फ्यानहरुले रुचाएका छन् । नोरा समय-समयमा आफ्नो नृत्यका कारण पनि दर्शकको मन जित्न सफल छिन् । क्यानाडामा जन्मिएकी नोराले तेलुगु चलचित्र 'टेम्पर'मा आइटम नृत्य गरेपछि चर्चा कमाएकी थिइन् । यस्तै, उनले चलचित्र 'किक २'मा समेत काम गरेकी छिन् ।

नोरा सन् २०१५ मा 'बीग बोस ९'मा सहभागी भएकी थिइन् । यस्तै, उनले 'झलक दिखलाजा' नामक रियालिटी शोमा समेत प्रतिस्पर्धा गरेकी थिइन् । उनले 'दिलबर दिलबर' बोलको गीतमा आइटम नृत्य गरेपछि उनको चर्चा झनै चुलियो ।

*(साभार:अनलाईन खबर)*







## प्रदेश १...

मुख्यमन्त्री आचार्यले समयसीमा भित्र विश्वासको मत लिने प्रकृयामा नगए अविश्वास प्रस्ताव ल्याएर वर्तमान सरकारलाई विस्थापित गर्ने निर्णय भएको उनले बताए ।

यता प्रदेश १ को प्रदेशसभा बैठक असोज २२ गतेका लागि आह्वान भएको छ । विपक्षी गठबन्धन भने मुख्यमन्त्री आचार्य नेतृत्वको सरकारलाई त्यतिन्जेलसम्म लम्ब्याउने पक्षमा देखिएको छैन ।

अल्पमतमा परिसकेका मुख्यमन्त्री आचार्यले हालै मन्त्रिपरिषद विस्तार गरेपछि विपक्षी गठबन्धन थप सशंकित भएको छ । त्यसैले पनि विपक्षी दलहरुले अब एक साताभित्र मुख्यमन्त्रीले विश्वासको मत नलिएमा प्रदेशसभामा अविश्वास प्रस्ताव लैजाने योजना बनाएका हुन् ।

प्रदेश १ प्रदेशसभामा विपक्षी गठबन्धनमा नेपाली काँग्रेस, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र र जसपा नेपाल गरी चार दल छन् । चार दलको बैठकले असोज ८ गतेभित्र मुख्यमन्त्री आचार्यले विश्वासको मत लिने प्रकृया सुरु नगरे अविश्वास प्रस्ताव ल्याएर हटाउने सहमति गरेका छन् ।







माझखर्क सार्वजनिक सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट